नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ९३ २०८० साल कात्तिक २२ गते बुधबार (8 Nov. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

चाडपर्वको संरक्षण र सम्बर्द्धन गरौं।
चाडपर्वमा फजुल खर्च नगरौं

हाम्रा साँस्कृतिक पर्वहरुको जगेर्ना गरौं।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं।

यस अंक भित्र : २ पृष्ठमा : नेपाल विश्वकै ठूलो सुरक्षाप्रदायक. ३ पृष्ठमा : त्रिपालको सहारामा ... ३ पृष्ठमा : बर्खास्त भएको क्रिकेट बोर्ड...

# मधेस प्रदेश सरकारद्वारा अधिकारको माग

जनकपुर, २१ कात्तिक (रासस)।

संविधानअनुसार साझा तथा एकल अधिकारको कार्यान्वयनको माग गर्दै मधेस प्रदेश सरकारले सङ्घ सरकारविरुद्ध दबाबमूलक कार्यक्रम गर्ने भएको छ।

मुख्यमन्त्री सरोजकुमार यादवको आह्वानमा मन्त्रिपरिषद्का सदस्यसहित सोमबार बसेको सर्वदलीय बैठकले अधिकारको माग गर्दै सङ्घ सरकारविरुद्ध काठमाडौँ केन्द्रित दबाबमूलक आन्दोलनका कार्यक्रम गर्ने निर्णय गरेको प्रदेश सरकारका गृह, सञ्चार तथा कानुनमन्त्री मोहम्मद समिमले जानकारी दिनुभयो।

प्रदेश सरकारको पहिलो कार्यकाल सकिएर दोस्रो कार्यकालको एक वर्ष पुग्न लाग्दा पनि अधिकारको अभावमा प्रदेश सरकारलाई काम गर्न कठिनाइ भइरहेको र त्यसैलाई लिएर सङ्घीयतामाथि प्रश्न उठ्न थालेकाले अब अधिकारको अन्तिम लडाइँ लड्नुपर्ने निष्कर्षसहित दबाबमूलक आन्दोलन गर्न लागिएको मन्त्री समिमले बताउनुभयो।

मन्त्री समिमले भन्नुभयो, "विशेषगरी संविधानको साझा सूचीमा रहेका अधिकार दिन र प्रदेश सरकारले एकल अधिकारसँग जोडिएका आवश्यक कानुन निर्माण गरे पनि सङ्घ सरकारका कारण कतिपय कानुन कार्यान्वयन गर्न सकिएन। सङ्घ सरकारले प्रहरी समायोजना ऐन, निजामती कर्मचारी सेवा ऐन, वन र गुठी व्यवस्थापनसम्बन्धी अधिकार अहिलेसम्म पनि आफ्नै नियन्त्रणमा राखेर समस्या सिर्जना गरिरहेको छ। त्यसैकारण हामी आन्दोलनमा जान बाध्य भएका छौँ।"

बैठकले पहिलो चरणमा सङ्घीय सरकारलाई समय तालिका तोकेर ज्ञापनपत्र बुझाउने र सो अवधिमा माग सम्बोधनको प्रयास नभए प्रदेश मन्त्रिपरिषद्का सम्पूर्ण सदस्यसहित राजनीतिक दलहरूले काठमाडौँमा धर्ना लगायतका कार्यक्रम गर्ने समझदारी गरेको नेकपा (एमाले) मधेस प्रदेशसभाका प्रमुख सचेतक लखन दास तत्माले बताउनुभयो।

"फेरि पनि छलफलमा बस्ने र आन्दोलनका रणनीति निर्माण गर्ने समझदारी भएको छ। सम्भवतः तिहारअघि नै सबै दबाबमूलक आन्दोलनका कार्यक्रम घोषणा गर्छौं", प्रमुख सचेतक दासले भन्नुभयो, "औपचारिक रूपमा सङ्घीयता कार्यान्वयनमा आएको छ वर्ष बित्न थालिसक्यो तर अहिले पनि अधिकारको विकेन्द्रीकरण गर्न सङ्घ सरकार तयार छैन। त्यसैकारण यो पटक निर्णायक आन्दोलन गर्ने हाम्रो तयारी हो।"

प्रदेश सरकारको पहिलो कार्यकालमा पनि प्रदेश सरकारका मन्त्रीहरूले अधिकारको माग गर्दै केही दिन अनशनलगायत आन्दोलन र सङ्घीय सरकारविरुद्ध सर्वोच्च अदालतको संवैधानिक इजलासमा विभिन्न विषयमा छवटा मुद्दा दायर गरेको थियो।

संविधानले दिएको अधिकार प्रयोग गर्दै मधेस प्रदेश सरकारले प्रदेश प्रहरी ऐन, २०७७, प्रदेश निजामती सेवा ऐन २०७७ ल्याइसलगायत प्रहरी र कर्मचारी प्रशासनसँग सम्बन्धित ऐन, नियम बनाए पनि सङ्घीय सरकारले सोसम्बन्धी कानुन नल्याएका कारण कार्यान्वयनमा आउनसकेको छैन। प्रदेश सरकारले प्रहरी समायोजन, सङ्घीय निजामती ऐन जारी गर्न र गुठी र वनसम्बन्धी सङ्घीय ऐन निर्माण तथा संशोधन गरी सोसम्बन्धी सम्पूर्ण अधिकार प्रदेश सरकारलाई दिनुपर्ने अडान राख्दै आएको छ।

# श्रोत नखुलेको रकमसहित एक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक।**

प्रहरीले श्रोत नखुलेको दुई लाख रुँपैयासहित एक जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको डाक्नेश्चरी ६ निवासी ३७ वर्षिय शोभाकान्त साह छन्।

प्रहरीका अनुसार आइतबार राजविराज ७ स्थित पुर्व पश्चिम हुलाकी सडक खण्डमा साहले चलाईरहेको प्रदेश ०१-०३-०११५४१३६ नम्बरको मोटरसाईकल चेकजाँच गर्ने क्रममा श्रोत नखुलेको उक्त रकम बरामद भएको हो।

नेपाल राष्ट्र बैंक ऐन २०५८ अन्तर्गतको कसुरमा साहलाई सप्तरी जिल्ला अदालतबाट म्याद थप गरी थप अनुसन्धान कार्य भईरहको ष्सजिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# मोटरसाईकल दुर्घटनामा घाइते भएका दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २१ कात्तिक।**

मोटरसाइकल दुर्घटनामा घाइते भएका दुई युवकको उपचारका क्रममा मृत्यु भएको छ।

मृत्यु हुनेमा सप्तरीको वलान विहुल गाउँपालिका १ निवासी २० वर्षका अर्जुन राम र सोही स्थान निवासी २० वर्षका शिवकान्त राम छन्।

सोही दुर्घटनामा घाइते भएका ईनरदेव रामको उपचार भई अवस्था सामान्य रहेको प्रहरीले जनाएको छ। सो घटनाबारे थप अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# गाँजा खेतीको सम्भाव्यता अध्ययनका लागि कार्यदल

काठमाडौँ, २१ कात्तिक (रासस)।

सरकारले गाँजा खेतीको सम्भाव्यता अध्ययनका लागि गृह मन्त्रालयको संयोजकत्वमा कार्यदल गठन गरेको छ।

अर्थमन्त्री डा प्रकाशशरण महतको अध्यक्षतामा अर्थ मन्त्रालयमा सोमबार बसेको बैठकले गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा प्रधानमन्त्री कार्यालय, अर्थ, उद्योग, कानुन, परराष्ट्र मन्त्रालयका सहसचिव र नेपाल प्रहरीका प्रतिनिधि सदस्य तथा कृषि मन्त्रालयको सहसचिव सदस्य सचिव रहने गरी कार्यदल बनाइएको हो। कार्यदलले काम सुरु गरेको एक महिनाभित्रमा प्रतिवेदन बुझाउन समय तोकिएको बैठकमा अर्थमन्त्री महतले निर्देशन दिनुभएको थियो।

यो कार्यदललाई दुई वटा विषय म्यान्डेट दिइएको छ। गाँजालाई औषधिका रूपमा कसरी उपयोग गर्न सकिन्छ र गाँजाबाट औद्योगिकरणको सम्भाव्य अनुसन्धान गर्नेछ। गाँजाको डाँठ, पात र रेसाबाट कपडा बनाउन सकिन्छ भन्ने विषयमा कार्यदलले अनुसन्धान थाल्ने छ।

चालु आर्थिक बर्षको बजेटमा गाँजा खेतीको सम्भावनाका विषयमा अध्ययन गर्ने उल्लेख थियो। बजेट वक्तव्यको १०५ नम्बर बुँदामा औषधिजन्य प्रयोगका लागि गाँजा खेतीको सम्भाव्यता अध्ययन गरिने अर्थमन्त्री महतले उल्लेख गर्नुभएको थियो।

# डेंगी संक्रमितको संख्या ४६ हजार नाघ्यो

**दैनिक समाचारदाता**
**काठमाडौं, २१ कात्तिक।**

नेपालमा यो वर्ष डेंगी संक्रमितको संख्या ४६ हजार नाघेको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा ईडीसीडीको तथ्यांक अनुसार जनवरीयता ६ नोभेम्बरसम्म ४६ हजार ३१९ जना संक्रमित भएका छन्। डेंगीका कारण जुलाईयता २० जनाको मृत्यु पुष्टि भएको छ।

काठमाडौं उपत्यकाका तीन जिल्लामा हालसम्म दुई हजार ५५३ जना संक्रमित भएका छन्। काठमाडौं जिल्लामा मात्रै एक हजार ५६९ जना संक्रमित भएको ईडीसीडीले जनाएको छ।

# धनुषा प्रहरी प्रमुखलाई जिम्मेवारीबाट हटाइयो

**दैनिक समाचारदाता**
**धनुषा, २१ कात्तिक।**

प्रहरी प्रधान कार्यालयले एसपी विश्वराज खड्कालाई धनुषा प्रहरी प्रमुखको जिम्मेवारीबाट हटाएको छ। खड्कालाई प्रहरी प्रधान कार्यालय तानिएको छ।

आरती शाह मृत्यु प्रकरणमा खड्कालाई हटाइएको प्रहरी प्रधान कार्यालय स्रोतले जनाएको छ।

आरती शाह मृत्यु प्रकरणमा अनुसन्धान कमजोर गरेको आरोप मृतकका आफन्तहरूले लगाउँदै आएका छन्। ५ महिनाभन्दा बढी समयदेखि उनीहरू आन्दोलनरत छन्।

आरती जेठ ७ गते आफ्नै घरमा मृत भेटिएकी थिइन्। यस प्रकरणमा पक्राउ परेका आरतीका श्रीमान् र ससुरा मुद्दा पुर्पक्षका लागि कारागार चलान भएका थिए।

मंगलमय शुभकामना

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण शेयर सदस्य, कर्मचारी, नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।






**भुपेन्द्र प्रसाद यादव**
अध्यक्ष, तथा
समाज सुधार बचत तथा ऋण सहकारी संस्था लि.
संचालक समिति परिवार
राजविराज ८, सप्तरी

मंगलमय शुभकामना

२०८० सालको शुभ दिपावली एवं छठ पर्वको पुनित अवसरमा सुस्वास्थ्य, दिर्घायु, शान्ति र अमनचयनको कामना गर्दै सम्पूर्ण नगरवासी, जिल्लावासी एवं देशवासीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।






**इर्साद अन्सारी**
युवा नेता
नेपाली काँग्रेस

## सम्पादकीय

### कार्य सुस्त, गफ बढी

जनताले पाउने सम्पूर्ण सेवा स्थानीय तहबाटै उपलब्ध हुने व्यवस्था संविधानमा उल्लेख रहँदा पनि सो अनुसार हुन सकिरहेको छैन् । अधिकांश जनप्रतिनिधिहरुले पक्षपात गरेर ती सुविधाहरु सहज ढंगले जनताले पाउनु सकिरहेका छैनन् । उनीहरुले आफ्नो पार्टी तथा पक्षधरका मान्छे भन्दै ती सेवा दिन आलटाल गर्नेगर्छन् । अहिले अधिकांश जनप्रतिनिधिले जनताले पाउने सेवा भन्दा पनि आर्थिक लाभ पाउन सकिने कार्यहरुलाई पहिलो प्राथमिकतामा राख्ने गरेका छन् ।

स्थानीय तहका शिक्षा र स्वास्थ्यलाई केही हदसम्म प्राथमिकतामा राखेपनि प्रभावकारी कार्य हुनसकिरहेको छैन् । शिक्षा र स्वास्थ्य जनताको पहिलो प्राथमिकता हो तर अधिकांश जनप्रतिनिधिहरुले त्यसलाई उपेक्षा गरेको देखिन्छ । शिक्षा र स्वास्थ्यका साथ साथै विकासको मुद्दा पनि प्राथमिकतामा पर्न जान्छ । विकास भन्ने कुरा एकै दिनमा नहुने कुरा हो । तर त्यसलाई पंचवर्षिय योजनामा राख्न सके भने त्यसमा सुधार आउने निश्चित छ । तर, शिक्षा र स्वास्थ्यमा परिवर्तनका लागि त्यतिको समय चाहिदैन् । कीन भने शिक्षा र स्वास्थ्यको मेरुदण्ड रहँदै आएको छ । मात्र त्यसलाई थोरै भएपनि पनि परिचालन, अनुगमन र निगरानी गर्न सकिए त्यसले सकारात्मक परिणाम ल्याउन सक्छ । शिक्षा, स्वास्थ्य र विकास बाहेक अन्य कार्यहरुमा जनप्रतिनिधिहरुको ध्यान पुगोस् । जस्तै जनचेतना, भएका साधनश्रोतहरुको सही परिचालन, कार्यालय व्यवस्थापन लगायतका ।

तसर्थ यी कार्यहरुबाहेक जनतालाई पाउने सेवा र जनप्रतिनिधिहरु थोरै पनि चनाखो भएमा नगर वा वडा कार्यालयहरुबाट जनताले पाउने निशुल्क सेवा, विभिन्न घटना दर्ता, सिफारिस लगायतका कार्यलाई छिटोछरितो एवं सरल तरिकाले सेवा दिन तत्परता देखाउनु जरुरी छ ।

# नेपाल विश्वकै ठूलो सुरक्षाप्रदायक राष्ट्र : सुरक्षाविद् थापा

काठमाडौँ, २१ कात्तिक (रासस) ।

सुरक्षाविद् चिरनजङ्ग थापाले नेपाल विश्वकै एक ठूलो सुरक्षा प्रदायक देश रहेको बताउनुभएको छ । उहाँले विश्वका ठूला आणविक हतियार सम्पन्नसहित अधिकांश मुलुकका लागि नै नेपाल एक ठूलो सुरक्षा प्रदायक देशका रूपमा भूमिका निर्वाह गरिरहेको बताउनुभएको हो ।

भारतको राजधानी नयाँ दिल्लीमा हालै आयोजित सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय कार्यक्रम ‘चाणक्य डायलग’ मा मुख्यवक्ता (कि नोट स्पिकर) का रूपमा सहभागी थापाले विश्वका प्रमुख पाँच आणविक हतियारसम्पन्न मुलुकमा सुरक्षाका क्षेत्रमा विशेष योगदान दिइरहेको दाबी गर्नुभयो ।

“भारत, बेलायत, फ्रान्स, अमेरिका, रसियालगायत विभिन्न मुलुकमा नेपाली सेनालगायत विभिन्न सुरक्षा अङ्ग तथा संयन्त्रमा सेवारत छन्”, उहाँले भन्नुभयो, “त्यसका साथै विश्वका ६८ भन्दा बढी मुलुकमा सुरक्षागार्डका रूपमा काम गर्ने सङ्ख्या हेर्दा नेपाल विश्वका अधिकांश मुलुकका लागि सुरक्षा प्रदायक मुलुकका रूपमा काम गरिरहेको छ ।” उहाँले नेपाल संयुक्त राष्ट्रसङ्घमार्फत शान्ति सेनाका रूपमा विश्वका विभिन्न देशमा काम गरिरहेकामध्ये दोस्रो ठूलो मुलुक भएको समेत उल्लेख गर्नुभयो ।

भारतले हालै जी-२० सम्मेलन सफलतापूर्वक सम्पन्न गरेकामा बधाई दिँदै थापाले सो सम्मेलनमा छिमेकी मुलुक बङ्गलादेशलाई निमन्त्रणा गर्दा नेपाललाई नगरेकामा पनि प्रश्न गर्नुभएको थियो । थापाले भारतले हालै चन्द्रमामा सफलतापूर्वक ‘चन्द्रयान’ अवतरण गराएको खुसी नेपालीले पनि मनाएको उल्लेख गर्नुहुँदै भारत सदियौँदेखि विश्वको केन्द्र रहेको बताउनुभयो ।

थापाले शक्ति कहिल्यै पनि स्थायी नहुने भन्दै आजका दिनमा शक्तिशाली मुलुक भोलि अर्थात् सधैँ शक्तिसम्पन्न भएर रहन नसक्ने दलिल पनि पेस गर्नुभयो । उहाँले शक्तिको परिभाषा दिँदै कुनै पनि व्यक्ति, समाज या देश शक्तिशाली ठहरिने आधारहरू समय समयमा परिवर्तनशील भइरहने उदाहरण पनि प्रस्तुत गर्नुभयो ।

उहाँले नेपाल विश्वको सबैभन्दा पुरानो मानवसभ्यता भएको मुलुक हो भन्दै अनुसन्धान गरे यसका प्रशस्त दृष्टान्त भेटिने दाबी गर्नुभयो । प्रसिद्ध ग्रन्थ महाभारत तनहुँमा लेखिएको तथ्य पेस गर्दै रामायण लेख्ने वाल्मीकि र अठार पुराणका व्याख्याता व्यासदेखि लिएर कैयन् ऋषिका आश्रम नै नेपालमा रहनु, राजा जनक र सीताको पौराणिकता एवं नेपालको कालीगण्डकी क्षेत्रमा मात्र पाइने शालग्रामको पुरातात्विक र धार्मिक महत्व यसका केही प्रमाणहरू हुन् भन्नुभयो ।

सो कार्यक्रममा थापाले भारतको अर्थतन्त्र र सुरक्षा दुवै क्षेत्रमा नेपालको ठूलो योगदान रहेको पनि उल्लेख गर्नुभयो । भारतीय सेनामा गोर्खा रेजिमेन्टअन्तर्गत ४० हजार र अन्य सुरक्षा सेवामा ५० हजार नेपाली कार्यरत रहेको उल्लेख गर्नुहुँदै थापाले प्रशासनिक सेवामा पनि ३० हजार नेपाली कार्यरत रहेको बताउनुभयो ।

“भारतमा सबैभन्दा बढी रेमिट्यान्स भित्रने मुलुकमा नेपाल सातौँ स्थानमा पर्छ”, उहाँले भन्नुभयो, “व्यापारका हकमा नेपाल भारतका लागि १०औँ ठूलो बजार भएकाले भारतको अर्थतन्त्र र सुरक्षा क्षेत्रमा नेपालको योगदान छ ।” उहाँले नेपालमा हजाम, सिकर्मी, डकर्मी, इँटाभट्टा, तरकारी र फलफूल बिक्रीलगायत क्षेत्रमा ठूलो सङ्ख्यामा भारतीय श्रमिक काम गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले भारतको अर्थतन्त्रमा नेपालको विशेष योगदान रहेको बताउनुभयो ।

सो अवसरमा उहाँले नेपाल र भारतको सम्बन्ध ऐतिहासिक र महत्वपूर्ण रहेको भन्दै नीतिनिर्माण गर्दा आपसी सम्बन्ध र यसको महत्वलाई ध्यान दिन सुझाव दिनुभयो । उहाँले दुई देशबीचको आपसी सम्बन्ध सदियौँदेखि रही आएको भन्दै सम्बन्ध बलियो बनाउँदै जानुपर्नेमा जोड दिनुभयो ।

भारतीय उपराष्ट्रपति जगदीप धनखरले उद्घाटन गर्नुभएको सो कार्यक्रममा विश्वका विभिन्न देशका सैनिकका उच्च अधिकारीको सहभागिता थियो । सो कार्यक्रममा एसिया तथा अन्य देशका सुरक्षा, कूटनीतिक सम्बन्ध तथा सुरक्षासम्बन्धका विविध विषयमा कार्यपत्रहरू प्रस्तुत गरिएको थियो ।

# आइएमई ग्रुपद्वारा प्रधानमन्त्रीलाई एक करोड ५० लाखको चेक हस्तान्तरण

काठमाडौँ, २१ कात्तिक (रासस) ।

आइएमई ग्रुप तथा ग्लोबल आइएमई बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले जाजरकोट र रुकुमपश्चिमलगायतका जिल्लाका भूकम्प प्रभावितका लागि घोषणा रु एक करोड ५० लाख बराबरको चेक मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई हस्तान्तरण गर्नु भएको छ ।

अध्यक्ष ढकालले ग्लोबल आइएमई बैंक लिमिटेड, आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स, आइएमई लाइफ इन्स्योरेन्स र आइएमई लिमिटेडलगायत आइएमई ग्रुपबाट प्रवर्द्धित कम्पनी तथा आइएमई फाउन्डेसनमार्फत घोषणा गरिएको उक्त सहयोग रकमको चेक प्रधानमन्त्री दाहाललाई हस्तान्तरण गर्नु भएको हो ।

सो अवसरमा अर्थमन्त्री डा प्रकाशशरण महत र मुख्यसचिव डा बैकुण्ठ अर्याल समेत उपस्थित हुनुहुन्थ्यो । यसैगरी आइएमई ग्रुपका प्रबन्ध निर्देशक हेमराज ढकाल, ग्लोबल आइएमई बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य, आइएमई लिमिटेडका प्रमुख कार्यकारी अधिकृत खिलेन्द्र पौडेल, आइजिआई प्रुडेन्सियल इन्स्योरेन्सका प्रमुख कार्यकारी युगेशभक्त बादे श्रेष्ठ, ग्लोबल आइएमई बैंकका वरिष्ठ नायव प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी, नायव प्रमुख कार्यकारी अधिकृत सुमन पोखरेल लगायतको पनि उपस्थिति थियो ।

आइएमई ग्रुपले भूकम्पका कारण मृत्यु भएका नागरिकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै शोक सन्तप्त परिवारमा गहिरो समवेदना तथा घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । साथै, भूकम्प प्रभावित क्षेत्रमा आइएमई ग्रुप तथा आइएमई फाउन्डेसनले स्थानीय प्रशासनसँगको समन्वयमा थप राहत सहयोग समेत उपलब्ध गराउने प्रतिबद्धता समेत जनाएको छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
वरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


## लामखुट्टेको टोकाईबाट लाग्ने डेंगुका लक्षण तथा यसबाट बच्ने उपाय

**लक्षण**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरु आउनु ।

***यस्ता लक्षणहरु देखापरेमा डेंगु हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।***

**बच्ने उपाय**

- लामखुट्टेबाट बच्न पुरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरि झ्याल, ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- अध्यँरा कुना-काप्चामा किटनाशक औषधी छर्कने गरौं ।

खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी

# त्रिपालको सहारामा भूकम्पपीडित

**हेमन्त केसी/रासस**
जाजरकोट, २१ कात्तिक ।

जाजरकोट सदरमुकामको सडक हरिया त्रिपालले भरिभराउ छ । भूकम्पका कारण घर भत्किएर खुला आकाशमुनि बसिरहेका स्थानीयवासीलाई सशस्त्र प्रहरीले निर्माण गरेका त्रिपालले चिसोबाट जोगाएको छ । पुराना परम्परागत शैलीमा निर्माण भएका अधिकांश घर भत्किएपछि विस्थापितलाई चिसोबाट जोगाउन र सुरक्षितरूपमा राख्न सशस्त्र प्रहरीले त्रिपालको व्यवस्था गरेको छ ।

सशस्त्र प्रहरीले त्रिभुवन माध्यमिक विद्यालयको प्राङ्गणमा समेत त्रिपालको व्यवस्था गरी सर्वसाधारणलाई भूकम्पबाट जोगाउने अभियान थालेको छ । पटक-पटक आउने पराकम्पका कारण घरभित्र बस्ने अवस्था छैन । पीडितीले त्रिभुवन माध्यमिक विद्यालयमा निर्माण गरिएका त्रिपालमुनि रात कटाउने गरेका छन् । भेरी नगरपालिका-२ का प्रदीप खड्काले विद्यालयमा बनाएको टेन्टमा बस्दा सुरक्षित रहेको अनुभूति भएको बताउनुभयो ।

सशस्त्र प्रहरीको टोली राहत वितरण भइरहेको पालिकाका विभिन्न वडामा पुगेको छ । उनीहरु राहत सामग्री वितरणमा सहयोग गर्ने, भूकम्पबाट पीडितलाई सम्झाइबुझाई गर्नेदेखि टेन्ट निर्माणमा सघाइरहेका छन् । नलगाड नगरपालिका-२ रिजामा सशस्त्र प्रहरी बलको टोलीले त्यहाँ राहत वितरणमा सहयोग गर्दैछ । मानसिकरूपमा तनावमा रहेका सर्वसाधारणलाई सम्झाइबुझाई गर्ने काम सशस्त्र प्रहरीले गरिरहेको छ । सदरमुकामभन्दा बाहिरका पालिकामा सबै निकायको ध्यान कम पुगेको छ । पटक-पटक पराकम्प गइरहेकाले भूकम्पबाट कसरी जोगिने भन्ने विषयमा स्थानीयवासीलाई पर्याप्त जानकारी छैन । स्थानीय तहले ओढ्ने ओछ्याउने व्यवस्था पर्याप्तरुपमा गर्न नसक्दा त्रिपालभित्र बस्ने पीडितले हैरानी खेप्नुपरिरहेको बताइएको छ । भेरी नगरपालिका-३ का गणेश थापाले न्यानो कपडा नपाएको गुनासो गर्नुभयो ।

सदरमुकामभन्दा बाहिर अधिकांश ठाउँमा राहत सामग्री पुग्न सकेको छैन । राहत वितरणमा मापदण्ड निर्माण नगरी जथाभावी बाँड्दा समस्या भइरहेको छ । गाउँ-गाउँमा पुगेका सङ्घसंस्थाका प्रतिनिधिले आफूअनुकुल राहत सामग्री तथा खाद्यान्न वितरण गर्दा समस्या भएको छ । बारेकोट गाउँपालिकामा सोमबार दिउँसो राहत सामग्री पुगेको छ । गाउँपालिकाका अध्यक्ष वीरबहादुर गिरीका अनुसार सर्वसाधारण खुला आकाशमुनि बसिरहेका छन् । उनीहरूलाई अब चिसोबाट जोगाउनु मुख्य समस्या भएको उहाँले बताउनुभयो ।

**परकम्पबाट १३ जना घाइते**

सोमबार गएको परकम्पबाट जाजरकोट र रुकुम पश्चिममा गरी १३ जना घाइते भएका छन् । सोमबार अपराह्न साढे ४ बजे रामीडाँडा केन्द्रबिन्दु भएर गएको परकम्पबाट जाजरकोटमा दुई तथा रुकुम पश्चिममा ११ जना घाइते भएका जाजरकोटका प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले जानकारी दिनुभयो ।

**भूकम्पबाट बालबालिकाले बढी ज्यान गुमाए**

जाजरकोट केन्द्रबिन्दु भएर गएको भूकम्पमा परी मृत्यु भएकामध्ये झण्डै आधा सङ्ख्यामा बालबालिका रहेका छन् । प्रहरीले उपलब्ध गराएको तथ्याङ्कअनुसार ज्यान गुमाउनेमा एक सय ५७ मध्ये ७८ बालबालिका छन् । जाजरकोटमा ५० र रुकुम पश्चिममा २८ बालबालिकाको भूकम्पमा परी मृत्यु भएको प्रहरी नायब उपरीक्षक सन्तोष रोकाले जानकारी दिनुभयो ।

यस्तै रुकुम पश्चिममा भूकम्पमा परी ५२ जनाको मृत्यु भएकामा २८ बालबालिका रहेका जिल्ला प्रहरी प्रमुख नमराज भट्टराईले जानकारी दिनुभयो । भूकम्पमा परी मृत्यु हुनेमा बालबालिकापछि महिला धेरै रहेका छन् ।

# प्रदेशमन्त्री दुलालका सुरक्षा अधिकारी मृतअवस्थामा फेला

हेटौंडा, २१ कात्तिक (रासस) ।

बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलालका सुरक्षा अधिकारी मृत अवस्थामा फेला परेका छन् । नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक यमबहादुर सुवेदीलाई हेटौंडा-११ स्थित सहिद स्मारक नजिक पेटीको पासो लगाइएको अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ ।

धादिङ खानीखोला इलाका प्रहरी कार्यालयमा दरबन्दी रहेर हाल मन्त्री दुलालको सुरक्षागार्डका रूपमा काम गर्दै आएका सुवेदी झुण्डिएको अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक सीताराम रिजालले जानकारी दिनुभयो । सुवेदीलाई 'मर्निङवाकमा' जानेहरूले रुखको फेदमा बसेको र घाँटीमा कम्मरमा बाँधिने पेटीले पासो लगाएको अवस्थामा फेलापारेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए ।


# बालविवाह विरुद्ध अपील
# "बालविवाह जिन्दगी तबाह"

**बालविवाह के हो ?**

महिला र पुरुषका बीचमा पतिपत्नीको सम्बन्ध कायम गराउने धार्मिक, सामाजिक कार्यलाई विवाह भनिन्छ । विवाह गर्न उपयुक्त भनि तोकिएको उमेर भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । नेपालमा कानुनतः विवाह गर्ने उमेर २० बर्ष तोकिएको छ । त्यसैले २० वर्ष भन्दा कम उमेरमा गरिने विवाहलाई बालविवाह भनिन्छ । शारीरिक र मानसिक रुपमा परिपक्व नभई विवाह गर्नु र सन्तान जन्माउँदा विविध समस्या आउन सक्ने भएकोले विवाहका लागिउमेरको हदबन्दी तोकिएको हो ।

**बालविवाहले निम्त्याउने समस्या यस्ता छन :**

१. शारीरिक तथा मानसिक रोगको शिकार हुने ।
२. बालविवाहपछि स्वास्थ्यमा गम्भीर असर पर्ने जस्तै आङ्ग खस्ने, फिस्टुला हुने, आमा तथा शिशुको मृत्यु हुने
३. बालविवाहपछि बालबालिकाले शिक्षाबाट वञ्चित हुने ।
४. घरेलु हिंसाको शिकार हुने र हिंसा सहन बाध्य हुने, कामको बोझ बोक्नु पर्ने
५. कमै उमेरमा सन्तान जन्माउँदा आमा तथा शिशुको मृत्यु हुने जोखिम उच्च हुने । अपाङ्गता भएका सन्तान जन्मन सक्ने ।
६. विवाहपछि बालवालिकाको पढाइ बिग्रिने, बिरामी हुने, छिटो विवाह गर्दा छिटो बच्चा जन्मने, बालबालिकाको मानसिक शक्तिको विकास हुनबाट वञ्चित हुने ।
७. आफ्नो शरीर र जीवनको बारेमा निर्णय गर्न सक्ने क्षमता नहुने ।
८. व्यवहारिक कुरा बुझ्नन पाउँदै जीवन बर्बाद हुन सक्ने, यौनांगलाई हानी हुन सक्ने र परिवार चलाउन गाह्रो हुने ।

*बालविवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन्मात्रै होइन, विकास र समृद्धिको बाधक पनि हो । तसर्थ बालविवाह नगरौं नगराऔं ।*

**बालविवाह सम्बन्धी कानुनी ब्यवस्था :**

मुलुकी अपराध (संहिता) ऐन २०७४ को दफा १७३ मा बालबिवाह गर्न नहुने भनी स्पष्ट ब्यवस्था गरेको छ । यसैगरि सोहि दफाको उपदफा (१) ले बिवाह गर्ने ब्यक्तिको उमेर निर्धारण गरेको छ । जस अनुसार २० बर्ष नपुगी कसैले बालबिवाह गर्न वा गराउन हुदैन भन्ने ब्यवस्था गरेको छ । उपदफा १ बिपरित भएको बिवाह स्वतःबदर योग्य हुने छ । यसैगरि उपदफा (३) मा कसुर गर्ने ब्यक्तिलाई ३ बर्षसम्म कैद र ३० हजारसम्म जरिवाना हुने भनिएको छ । बालबिवाह भएको ३ महिना भित्र उजुरी गरिसक्नु पर्ने ब्यवस्था कानूनले गरेको छ । तसर्थ, बालविवाहले बालबालिका मात्रै नभई परिवार, समाज र राष्ट्रलाई समेत गम्भीर असर गर्ने हुँदा बालविवाह नगरौं नगराऔं । बालविवाह रोक्न आजैदेखि पहल गरौं ।

## जनहीतका लागि

## खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी


# विश्व समाचार

## बर्खास्त भएको क्रिकेट बोर्ड श्रीलङ्कालीे अदालतद्वारा पुनःस्थापित

कोलम्बो, २१ कात्तिक (रासस/एएफपी) ।

श्रीलङ्काको पुनरावेदन अदालतले मङ्गलबार क्रिकेट बोर्ड बर्खास्त गर्ने खेलमन्त्रीको निर्णयलाई खारेज गरेको छ । साथै अदालतले पूरा सुनुवाइ नभएसम्म निष्कासित अधिकारीहरूलाई पुनरबहाली गरेको छ ।

सोमबार श्रीलङ्का क्रिकेट बोर्डलाई बर्खास्त गर्ने र एउटा अन्तरिम समिति नियुक्त गर्ने मन्त्री रोशन रणसिङ्घेको कदमलाई चुनौती दिँदै बोर्डका अध्यक्ष शम्मी सिल्भाले दायर गर्नुभएको निवेदनलाई अदालतले स्वीकार गरेको छ । "अदालतले मुद्दाको पुनः सुनुवाइ नगरेसम्म बोर्डको पुनःस्थापना दुई साताका लागि हो", अदालतका एक अधिकारीले भने ।

अदालतले पूर्वकप्तान अर्जुना रणतुङ्गाको अध्यक्षताको अन्तरिम समितिलाई कार्यालयमा निरन्तरता दिन रोक लगाउने आदेश प्राप्त गरेपछि सिल्भा काममा फर्किनुहुने बोर्डका अधिकारीहरूले बताएका छन् । सरकारले बोर्डका 'थाती मुद्दाहरू' सम्बोधन गर्न एउटा क्याबिनेट समिति पनि नियुक्त गरेको छ । विश्वकप प्रतियोगितामा भारतसँग श्रीलङ्काको लज्जास्पद पराजयपछि खेलमन्त्रीले यस्तो कदम चाल्नुभएको थियो ।

व्यापक भ्रष्टाचारको आरोपमा महिनौँदेखि आर्थिक सङ्कटमा परेको मुलुकको सबैभन्दा धनी खेल संस्था श्रीलङ्का क्रिकेट बोर्ड र मन्त्रीबीच विवाद कायम छ । सन् १९९६ को विश्वकप विजेता श्रीलङ्काका पूर्वकप्तान रणतुङ्गाले सोमबार पदभार सम्हालेपछि बोर्डको छवि सुधार्न र राष्ट्रिय टिमको पुनरनिर्माण गर्ने वाचा गर्नुभएको थियो । "श्रीलङ्का क्रिकेटलाई देशको सबैभन्दा भ्रष्ट संस्थाका रूपमा चिनिन थालेको छ, म त्यो छवि परिवर्तन गर्न चाहन्छु", उहाँले भन्नुभएको थियो ।

## अहिले निर्वाचनको समय होइन : जेलेन्स्की

किएभ, २१ कात्तिक (रासस/एएफपी) ।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले निर्वाचनका लागि यो सही समय भएको हो भन्ने आफूलाई विश्वास नभएको बताउनुभएको छ । सन् २०२४ मा राष्ट्रपति निर्वाचनका बारेमा तीव्र बहस हुँदै गएपछि रुसी आक्रमणविरुद्ध होमिएको युक्रेनमा निर्वाचन गर्ने सही समय नभएको उहाँको भनाइ थियो ।

गत वर्ष द्वन्द्व सुरु भएदेखि मार्सल लअन्तर्गत आगामी वसन्तमा हुने राष्ट्रपति निर्वाचनसहित सबै निर्वाचन प्राविधिकरूपमा रद्द गरिएको छ । "अहिले रक्षा र युद्धको समय हो भन्ने हामीले निर्धारण गर्नुपर्छ । यसमा राज्य र जनताको भाग्य निर्भर छ", आफ्नो दैनिक सम्बोधनमा उहाँले भन्नुभयो ।

उहाँले देशलाई विभाजित गर्ने नभएर एकताबद्ध हुने समय भएको बताउँदैभन्नुभयो, "अहिले निर्वाचनका लागि सही समय होइन भन्ने मेरो विश्वास छ ।"

युक्रेनमा रुसी सेना पसेसँगै युक्रेनी सेनाले जवाफी हमला गरे पनि युद्धरत दुवै पक्षबीच सीमा रेखा करिब एक वर्षदेखि स्थिर रहेको छ । युक्रेनका प्रमुख सहयोगी अमेरिका र युरोपका अधिकारीहरूले २० महिनादेखि जारी सङ्घर्ष अन्त्यका लागि कुराकानी गर्न सुझाव दिएको बताइएको छ ।

युक्रेनको जवाफी हमलामा गतिरोध उत्पन्न भएको वा पश्चिमी मुलुक वार्तामा प्रवेश गर्न किएभतिर फर्केको भन्ने कुरालाई राष्ट्रपति जेलेन्स्कीले ठाडै अस्वीकार गर्नुभएको छ । अमेरिका र अन्य सहयोगीहरूले आवश्यकता भएसम्म रुसलाई पराजित गर्न किएभलाई सैन्य र वित्तीय सहयोग जारी रहने सार्वजनिकरूपमा भन्दै आएका छन् । अक्टोबर ७ मा इजराइलमाथि हमासले आक्रमण गरेपछि विश्वको ध्यान मध्यपूर्वतर्फ मोडिएसँगै जेलेन्स्की तीव्र दबाबमा पर्नुभएको छ ।

सन् २०१९ को निर्वाचनबाट निर्वाचित राष्ट्रपति जेलेन्स्कीले आवश्यक परेको अवस्थामा आगामी वर्ष राष्ट्रिय निर्वाचन गराउन आफू तयार रहेको सेप्टेम्बरमा बताउनुभएको थियो । उहाँले निर्वाचनका लागि अन्तर्राष्ट्रिय पर्यवेक्षकहरूलाई अनुमति दिने पक्षमा आफू रहेको समेत उल्लेख गर्नुभएको थियो ।

विदेशमा ठूलो सङ्ख्यामा युक्रेनी र युद्ध मोर्चामा लडिरहेका सैनिकका कारण निर्वाचन गराउन तार्किकरूपमा कठिन हुनसक्छ । युद्ध सुरु भएपछि जेलेन्स्कीको अनुमोदन मूल्याङ्कन उच्च थियो तर युद्धमा एकताबद्ध शक्ति भए पनि मुलुकको राजनीतिक परिदृश्य अस्थिर भएको छ ।

रुसविरुद्ध जवाफी हमला सुस्त गतिमा भएकामा जेलेन्स्कीको आलोचना गरेपछि राष्ट्रपतिका पूर्वसहयोगी ओलेक्सी एरोस्टोभिचले आफ्ना पूर्वप्रमुखसँग निर्वाचनमा लड्ने घोषणा गर्नुभएको छ ।

# कोरोना भाइरसविरुद्धको ४० लाख मात्रा डोज खोप खेर जाँदै

काठमाडौँ, २१ कात्तिक (रासस)। कोरोना भाइरसविरुद्ध ल्याइएको ४० लाख मात्रा खोप खेर जान थालेको छ। चीन सरकारले अनुदानमा उपलब्ध गराएको कोरोना भाइरसविरुद्धको साइनोभ्याक खोप ४० लाख मात्रा प्रयोग नगरी म्याद सकिने थालेको हो।

बुस्टर डोजका रूपमा प्रयोग गर्न नमिल्ने भएपछि साढे दुई वर्षदेखि स्वास्थ्य सेवा विभागको केन्द्रीय भण्डारणमा तीन खोप थन्किएका छन्। चीन सरकारबाट अनुदानमा २०७८ वैशाख १२ र १४ गते उक्त खोप आएको थियो। वैशाख १२ गते ३४ लाख ४३ हजार तीन सय ६० मात्रा र वैशाख १४ गते पाँच लाख ५६ हजार ६ सय ४० मात्रा खोप नेपाल आएको थियो।

व्यवस्थापन महाशाखाका निर्देशक डा सर्वेश शर्माले बुस्टर डोजका लागि प्रयोग गर्न नमिल्ने भएपछि खोपको म्याद सकिने थालेको बताउनुभयो। उहाँले खोपको म्याद सकिन थालेकाले अब प्रयोग गर्न नसकिने बताउनुभयो। "अहिले कोरोना भाइरसको महामारी पनि छैन। खोपको म्याद पनि सकिन थालेको छ। त्यसैले अव हामी प्रयोग गर्न सक्दैनौ", उहाँले भन्नुभयो।

खोपको म्याद यही पुस ७ गतेसम्म मात्र छ। उहाँले खोप त्यतिकै खेर जान थालेपछि उचित व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई पत्राचार गरिएको बताउनुभयो। "हामीले दुई पटकसम्म खोप के गर्ने भनेर मन्त्रालयलाई पत्राचार गरिसक्यौँ", उहाँले भन्नुभयो, "अब मन्त्रालयले जे गर्न निर्देशन दिन्छ। त्यही गर्दछौँ।"

नेपालमा पहिलो र दोस्रो मात्रा खोप लगाउन मानिस नभएको र बुस्टर डोजका रूपमा प्रयोग गर्न नमिल्ने भएपछि ४० लाख खोप प्रयोगका लागि परराष्ट्र मन्त्रालयबाट कूटनीतिक पहल गरी अन्य देशमा पठाउन पठाउन अनुरोध भएको थियो।

आपूर्ति व्यवस्थापन शाखाको प्रमुख डा सुरेन्द्र चौरसियाले विश्व स्वास्थ्य सङ्गठनले उक्त खोप बुस्टर डोजका लागि उपयुक्त नभएको भनेपछि खोप नलगाइको बताउनुभयो। "कोरोना महामारीको बेला खोपको माग गरेर आएको हो। तर खोप नेपाल आउँदा धेरै मानिसले पहिलो र दोस्रो मात्रा खोप लगाइसकेका थिए", उहाँले भन्नुभयो, "खोपलाई डब्लुएचओले बुस्टरका लागि प्रयोग गर्न नमिल्ने भनेपछि हामीले खोपको प्रयोग गर्न सकेनौँ।" त्यतिबेला बुस्टर डोजका लागि साइनोभ्याकको सट्टा फाइजर खोप प्रयोग गरिएको थियो। डब्लुएचओले प्रयोग नगर्ने भनेपछि राष्ट्रिय खोप सल्लाहकार समितिले खोप नलगाउने निर्णय गरेको हो।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले खेर जान थालेको खोपबारे अझै निर्णय नभएको बताउनुभयो। उहाँले चीन बाहेक अन्य देशमा पठाउन नसके यही खोपलाई 'डिस्पोजल' गरिने बताउनुभयो। अहिलेसम्म नेपालमा छ करोड ६९ लाख ८३ हजार दुई सय ७० मात्रा खोप आइसकेको छ।

# सोह्रौँ योजनामा मधेसलाई उच्च प्राथमिकतामा राख्न आग्रह

जनकपुर, २१ कात्तिक (रासस)। जनसङ्ख्या, मानव विकास सूचकाङ्क र जलवायु परिवर्तनको जोखिमलगायतका आधारमा मधेस प्रदेशको विकासलाई दिशानिर्देश गर्ने गरी आगामी सोह्रौँ पञ्चवर्षीय आवधिक योजना निर्माण गर्नुपर्नेमा सरोकार भएकाले जोड दिनुभएको छ।

राष्ट्रिय योजना आयोगले सोमबार जनकपुरमा आयोजना गरेको सोह्रौँ योजना (२०८१/८२–२०८५/८६) तर्जुमा सम्बन्धी अन्तरक्रियामा प्रदेश सरकारका मन्त्री तथा सरोकार भएकाले त्यस्तो आग्रह गर्नुभएको हो। प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री कृष्णप्रसाद यादवले मधेस प्रदेशको सबलताका लागि यहाँको जनसङ्ख्या, उत्पादनशील कृषि भूमि, कृषि सिँचाइ, पूर्वाधार, मलखादको आवश्यकता पूर्ति हुने गरी योजना बनाउन सम्बद्ध पक्षलाई आग्रह गर्नुभयो।

उहाँले जनसङ्ख्या र मानव विकास सूचकाङ्कलगायत हरेक दृष्टिकोणले मधेस प्रदेश उच्च प्राथमिकतामा पर्नुपर्नेमा उल्टै उपेक्षामा पार्ने गरिएकोतर्फ सचेत रहनुपर्ने बताउनुभयो। प्रदेश सरकारका अर्थमन्त्री सञ्जय यादवले ६० लाखभन्दा बढी जनसङ्ख्या रहेको र सरकारको आम्दानीमा ३० प्रतिशत योगदान गरिरहेको प्रदेशलाई गैरन्यायिक रूपमा बजेट विनियोजन गर्ने परिपाटीलाई अन्त्य गर्ने गरी आगामी योजना तर्जुमा गर्नुपर्ने बताउनुभयो। उहाँले मधेस प्रदेशको सबल पक्षका रूपमा रहेको कृषि क्षेत्रको उत्थानका लागि सिँचाइ र मलखाद कारखाना खोल्ने विषय १५औँ योजनासम्म पनि प्राथमिकतामा नपरेको भन्दै आयोग र राजनीतिक नेतृत्वको ध्यानाकर्षण समेत गराउनुभयो।

त्यसैगरी प्रदेश सरकारका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री गोविन्दबहादुर न्यौपानेले बहुसङ्ख्यक जनता आश्रित रहेको कृषि क्षेत्र नै समृद्धिको आधार हुनसक्ने भन्दै सिँचाइ सुविधा भएमा मधेस प्रदेशले नै नेपालको आवश्यकता धान्न सक्ने भएकाले त्यसतर्फ परिलक्षित योजना बनाउनुपर्नेमा जोड दिनुभयो। त्यसैगरी श्रम तथा यातायातमन्त्री चन्दनकुमार सिंहले रेमिट्यान्सले देशको अर्थतन्त्र धानिरहेको अवस्थामा सबैभन्दा बढी रेमिट्यान्स भित्राउने मधेस प्रदेशको सन्तुलित विकासका लागि आगामी योजनाले स्पष्ट बोल्नुपर्ने बताउनुभयो।

मधेस प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष नाथुप्रसाद चौधरीले मधेशमा ११ प्रतिशतले कृषि योग्य जमिन घट्दो अवस्थामा रहे पनि नौ दशमलव चार प्रतिशतले कृषिमा संलग्न परिवारको सङ्ख्या बढ्दोक्रममा रहेकाले त्यसलाई प्रोत्साहन गर्न, पानीको सतह घटेर चापाकल सुक्न थालेकाले त्यसको समाधान गर्नुपर्ने र सिँचाईका लागि सुनकोशी मरिन डाइभर्सन, कोशी कमला डाइभर्सनलगायतका महत्वपूर्ण योजनालाई विशेष प्राथमिकतामा राख्न आग्रह गर्नुभयो।

राष्ट्रिय योजना आयोगका सदस्य डा चन्द्रकान्त राउतको अध्यक्षतामा भएको कार्यक्रममा आयोगका सचिव तोयनारायण ज्ञवालीले उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो। आयोगका प्रवक्ता यमलाल भुषालले सोह्रौँ योजनाका बारेमा आफ्नो प्रस्तुतीकरण प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा सहभागीलाई विभिन्न सात वटा समूहमा विभाजन गरी सुझाव सङ्गेी कलन गरिएको थियो। कार्यक्रम मङ्गलबारसम्म चल्नेछ।

# नक्कली कागजात बनाउने थप चारजना पक्राउ

काठमाडौँ, २१ कात्तिक (रासस)। भिजिट भिषामा विदेश पठाई दिने भन्दै नक्कली कागजात बनाउने कार्यमा संलग्न थप चारजनालाई प्रहरीले पक्राउ गरी सोमबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका-३१ नयाँबानेश्वर बस्ने ३७ वर्षीय अनिष अमात्य, नुवाकोट सूर्यगढी नगरपालिका-३ घर भई हाल ललितपुर इमाडोल बस्ने ४५ वर्षीय गोपाल रिजाल, धादिङ बेनिघाट रोराङ गाउँपालिका-२, घर भई हाल काठमाडौँ नयाँबजार बस्ने ३२ वर्षीय पशुपति मैनाली तथा झापा भद्रपुर नगरपालिका-१० भई काठमाडौँ बूढानीलकण्ठ बस्ने ३२ वर्षीय सागर चापागाईं रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक रवीन्द्र रेग्मीले राससलाई जानकारी दिनुभयो।

प्रवक्ता रेग्मीका अनुसार भिजिट भिषामा विभिन्न देशमा पठाई दिने भनी नक्कली कागजातहरू बनाउने कार्यमा संलग्न बलबहादुर रावतसमेत चारजनालाई यही कात्तिक १८ गते पक्राउ गरी आवश्यक अनुसन्धान तथा कारबाहीका लागि प्रहरी वृत्त, महाराजगञ्ज पठाइएकामा उक्त कार्यमा अन्य व्यक्तिहरूको समेत संलग्नता रहेको हुन सक्ने देखिएकाले सो सम्बन्धमा थप अनुसन्धान गर्ने क्रममा निजलाई पक्राउ गरिएको हो।

निजहरूलाई विभिन्न व्यक्तिहरूका नामको नक्कली शैक्षिक प्रमाणपत्र, विभिन्न सरकारी कार्यालयका होलो ग्राम, ल्यापटप, प्रिन्टर र सरकारी कार्यालयको छाप थान-दुई सय ३० सहित काठमाडौँका विभिन्न स्थानबाट पक्राउ गरी लिखतसम्बन्धी कसुर मुद्दामा आवश्यक अनुसन्धान तथा कारबाहीका लागि सोमबार प्रहरी वृत्त, महाराजगञ्ज पठाइएको प्रवक्ता तथा प्रहरी उपरीक्षक रेग्मीले बताउनुभयो।

आइतबार मात्रै उक्त कार्यमा संलग्न भएको अभियोगमा प्रहरीले नवलपुर मध्यविन्दु नगरपालिका-५ घर भएका ४५ वर्षीय जयराम श्रेष्ठ, गोर्खा सिरन चोक गाउँपालिका-८ घर भई हाल टोखा बस्ने ३४ वर्षीय भक्तबहादुर थापा, काठमाडौँ महानगरपालिका-१ नक्साल बस्ने ३८ वर्षीय दीपक केसी तथा सल्यान रामपुर कालीमाटी गाउँपालिका-३ घर भई हाल काठमाडौँ नागार्जुन नगरपालिका-इचङ्गुनारायण बस्ने ४२ वर्षीय बलबहादुर रावतलाई पक्राउ गरी सार्वजनिक गरेको थियो।

# भाइटीकाको साइत कात्तिक २९ गते १० : ५१ बजे शुभ

काठमाडौँ, २१ कात्तिक (रासस)। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले यस वर्षको भाइटीकाको शुभ साइत कात्तिक २९ गते बुधबार १० : ५१ बजे शुभ रहेको जनाएको छ।

भाइटीकाका दिन दिनभर दिदीबहिनीका हातबाट टीका लगाउन शुभ रहेपनि साइत खोज्नेका लागि १०: ५१ बजेको उत्तम साइत दिइएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले राससलाई जानकारी दिनुभयो। राज्य सञ्चालकले भने साइतमै टीका लगाउनुपर्ने शास्त्रीय नियम रहेको समितिले जनाएको छ।

यस वर्षको यमपञ्चक अर्थात् तिहार कात्तिक २५ गते शनिबारदेखि सुरु हुने छ। तिहार नेपालीको दोस्रो ठूलो चाड हो। नेपालमा धेरैले मनाउने दसैं र तिहारलाई राष्ट्रिय पर्वका रूपमा मनाइन्छ। तिहार पाँच दिनसम्म मनाउने गरिन्छ।


## नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं ।

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ।

त्यसैले,

सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन्। यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ। यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ। महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ। यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ। यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ। खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ। परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ। आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन्। राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन्। त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन्। समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ। त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ।

**जनहीतका लागि : खडक नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*